# अख्तियारद्वारा पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिवविरुद्धको मुद्दा सर्वोच्च अदालतमा पुनरावेदन

**हिमालय टाइम्स**

काठमाडौं, १५ चैत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव प्रदीप ढकालविरुद्धको भ्रष्टाचार मुद्दामा विशेष अदालतको फैसलाउपर चित्त नबुझाउँदै सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ। आयोगका अनुसार विशेष अदालतले प्रतिवादी ढकाललाई गैर कानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दामा सफाइ दिने फैसला गरेपछि सो फैसलाविरुद्ध अदालतमा पुनरावेदनको निवेदन दर्ता गराएको हो।

आयोगले ढकालले पदको दुरुपयोग गरी गैर कानुनी रूपमा सम्पत्ति आर्जन गरेको आरोप लगाउँदै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिम एक




करोड ४४ लाख ११ हजार ७ सय ८१ रुपैयाँ ७१ पैसा बिगो कायम गरी दफा २० (२) अनुसार कैद तथा जरिवानाको मागदाबीसहित विशेष अदालतमा आरोप पत्र दायर गरेको थियो। त्यसैगरी, जाँच अवधिमा स्रोत नखुलेको सम्पत्ति समेत जफत गर्नुपर्ने माग गर्दै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम दाबी गरिएको थियो। तर, विशेष अदालतले २०८१ जेठ १६ मा गरेको फैसला प्रमाणीकरण २०८२ असोज ५ गते भएपछि प्रतिवादीलाई सफाइ दिएको थियो। उक्त फैसलाप्रति असन्तुष्टि जनाउँदै आयोगले आज सर्वोच्च अदालतमा पुनरावेदन निवेदन दर्ता गरेको हो।

### मालपोत कार्यालयका तत्कालीन कार्यालय प्रमुखसहित १५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

यस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालयका तत्कालीन कार्यालय प्रमुखसहित १५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। आइतबार अख्तियारले मालपोत कार्यालय, धनकुटाका तत्कालीन कार्यालय प्रमुख सुरेश थपलियासमेत १५ जना उपर गैर कानुनी लाभ वा हानि एवं घुस/रिसवत लिई भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरेको हो।

# पेट्रोलियम आपूर्ति कटौती र मूल्यवृद्धिप्रति उपभोक्ता मञ्चको आपत्ति

**हिमालय टाइम्स**

काठमाडौं, १५ चैत

उपभोक्ता मञ्च नेपालले पेट्रोलियम पदार्थको मूल्यवृद्धि र आपूर्तिमा कटौतीप्रति गम्भीर आपत्ति जनाएको छ। मञ्चले आइतबार जारी गरेको विज्ञप्तिमा हालै पेट्रोल, डिजेल, मट्टितेल तथा एलपी ग्यासको मूल्य बढाइएको र आपूर्ति घटाइएको भन्दै त्यसले आम उपभोक्ताको जीवनमा प्रत्यक्ष असर पारेको उल्लेख गरेको छ।

विज्ञप्तिमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण यातायात, दैनिक उपभोग्य वस्तु, खाद्यान्न तथा सेवा क्षेत्रमा लागत बढ्न गई समग्र महँगी वृद्धि हुने अवस्था सिर्जना भएको जनाइएको छ। यसबाट विशेषगरी मध्यम तथा न्यून आय भएका वर्ग बढी प्रभावित भएको मञ्चको भनाइ छ।

मञ्चले नेपाल आयल निगमसँग मूल्यवृद्धिको आधार, अन्तर्राष्ट्रिय बजारको अवस्था तथा लागत संरचना स्पष्ट रूपमा सार्वजनिक गर्न माग गरेको छ। साथै, बारम्बारको मूल्यवृद्धिले उपभोक्ताको जीवनस्तरमा गम्भीर असर पारेको भन्दै सरकारले मूल्य नियन्त्रण तथा सहुलियतका उपायहरू अवलम्बन गर्नुपर्नेमा जोड दिएको छ।

एलपी ग्यासजस्ता अत्यावश्यक वस्तुमा आपूर्ति घटाउँदा उपभोक्तालाई प्रत्यक्ष असर परेको भन्दै मञ्चले त्यसतर्फ पनि निगम गम्भीर हुनुपर्ने बताएको छ। दीर्घकालीन रूपमा वैकल्पिक ऊर्जाको प्रवर्द्धन र सार्वजनिक यातायात सुधारमा सरकारले ध्यान दिनुपर्ने सुझाव पनि दिइएको छ। मञ्चले उपभोक्ताको हित संरक्षणका लागि सम्बन्धित निकायलाई संवेदनशील भई तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरेको छ। साथै, आवश्यक परे थप कार्यक्रममार्फत दबाब सिर्जना गर्ने चेतावनीसमेत दिएको छ।

# वडाध्यक्षको पहलमा विपन्नलाई घर उपहार

**ध्रुवसागर शर्मा/म्याग्दी।** म्याग्दीको बेनी नगरपालिका-६ का वडाध्यक्ष कृष्ण बानियाँले सरकारी बजेटका अतिरिक्त स्वदेश तथा विदेशमा रहेका मनकारी व्यक्तिहरूसँग आर्थिक सहयोग संकलन गरी आफ्नो वडाभित्रका विपन्न तथ विपद्मा परेका तीन जना व्यक्तिहरूलाई घर निर्माण गरिदिनुभएको छ। घरबारविहीन एक्लेपिपलकी पुष्पा विश्वकर्मा, पाखाथरका पूर्णबहादुर भण्डारी र डम्बराका दानबहादुर खत्रीले घर नै उपहार पाएपछि वर्षौंदेखिको घामपानी छेक्ने आफ्नै घरको चाहना पूरा भएको भन्दै खुसीले दंग पर्नुभएको छ। स्वदेश तथा विदेशमा रहेका सहयोगीहरूबाट आर्थिक संकलन गरी घर निर्माण गरिएको वडाध्यक्ष बानियाँले बताउनुभयो। यस वर्ष वडाभित्रका अति विपन्न थप चार जनाको घर बनाउने योजना रहेको वडाध्यक्ष बानियाँले जानकारी दिनुभयो। 'बेनी नगरपालिका र देश-विदेशमा रहेका मनकारी व्यक्तिहरूसँग याचना गरी सहयोग जुटाएर घर निर्माण गरेको हो। कैयौं घरहरू जीर्ण छन्। ती जीर्ण घर मर्मत पनि पहिलो प्राथमिकतामा छ', वडाध्यक्ष बानियाँले भन्नुभयो।

बेनी नगरपालिकाको विपन्न नागरिक आवास कार्यक्रममार्फत् बेनी नगरपालिकासहित सरकारी निकायबाट वडाभित्र ३८ वटा घर निर्माण गरिएको उहाँले जानकारी दिनुभयो। भूकम्प र प्राकृतिक विपत्तिका कारण क्षति भएका घर पुनर्निर्माणमा समेत वडा कार्यालयबाट सहजीकरण गरी निर्माण गरिएका घरले स्थानीयलाई सहज भएको वडाध्यक्ष बानियाँको भनाइ छ। 'मजदुरी गरेको पैसा खाना र लगाउनमै ठिक्क हुन्छ, माटोको घर पानी पर्दा चुहिनेमात्रै होइन पानी पसेर बस्नसमेत नसकिने अवस्थामा चिटिक्कको घर बनेका छन्', वडाध्यक्ष बानियाँले भन्नुभयो।

उहाँले वडाभित्र रहेका विपन्नलाई कपडा बैंकमार्फत् नयाँ लुगा निःशुल्क उपलब्ध गराउने गरेको बताउनुभयो। विपन्न परिवारको सुरक्षा र जीविकोपार्जनका लागि सारथी बन्ने प्रयासलाई आगामी दिनमा पनि निरन्तरता दिने वडाध्यक्ष बानियाँले भन्नुभयो। जस्तापातासहितको तीन कोठासम्मको घरमा बस्न पाउनु सपनाजस्तै लाग्ने स्थानीयलाई जनप्रतिनिधिको पहलमा घर बनेपछि निकै सहज भएको छ। बेनपा-६ राहुवडाका वृद्ध कमलपति सुवेदीले विपद्का कारण घर जीर्ण भएपछि स्थानीय जनप्रतिनिधिको पहलमा घर बनाएको बताउनुभयो। 'मेरा लागि यो ठूलो सहयोग हो, आफ्नै घरमा बसेर ढुक्कसँग मीठोमसिनो खान पाइएको छ', वृद्ध सुवेदीले भन्नुभयो। उहाँले विपद्मा परेका र गरिबीका कारण समस्या भोग्नेहरूलाई सुविधामा सरकारी निकायबाट प्राथमिकता दिनुपर्ने बताउनुभयो।

## नाम परिवर्तन गरिएको सूचना

कम्पनी रजिस्ट्रार कार्यालयको मिति २०८२/१२/१५ गतेको निर्णयानुसार यस कम्पनीको साविकको नाम लक्ष्मी इलेक्ट्रोनिक्स प्रा. लि. बाट परिवर्तन गरी हुण्डाई नेपाल वेष्टर्न प्रा. लि. कायम गरिएको सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

लक्ष्मी इलेक्ट्रोनिक्स प्रा. लि.
काठमाण्डौ महानगरपालिका वडा नं. १, काठमाण्डौ

## काठ, दाउरा लिलाम बिक्री सम्वन्धि सूचना

यस समुहले नियमानुसार संकलन गरेको काठ मध्ये साल- ३३६.४५, अन्य-९०५.७४ क्यू.फी.काठ र साल जातको दाउरा - ४.०० चट्टा / अन्य जातको दाउरा - १.०० चट्टा गोप्य शिलवन्दी बोलपत्र प्रकृया मार्फत लिलाम बिक्री गर्नुपर्ने भएकाले वन नियमावली, २०७९ (दोश्रो संशोधन, २०८१) को नियम १२८ र कोशी प्रदेश वन नियमावली, २०५० को नियम १४८ बमोजिम सुचिकृत भएको काठ चिरान गर्ने सःमिल / भेनियर तथा प्लाईउड उद्योग/काठ, दाउरा कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगहरु मात्र आजको मितिले २१औं दिन सम्म कार्यालय समय भित्र यस समुहको कार्यालय / डि.वन का. मोरङवाट बोलपत्र खरिद गरि २२ औं दिनको दिउँसो १:०० वजे सम्म खरिद गरेको कार्यालयमा नै शिलवन्दी बोलपत्र दाखिला गर्न प्रथम पटक यो सुचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको लागी सम्वन्धित सा.व.उ.स. / डि.व.का. मोरङमा सम्पर्क राख्नु हुन सुचित गरिएको छ। साथै खरिद गर्ने / दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट मान्यहुने कुरा समेत जानकारी गराईन्छ।

**सगरमाथा हरियाली सा.व.उ.स. लेटाङ्ग न.पा.०८ जाँते, मोरङ**

## सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही

### बोलपत्र/शिलवन्दी दरभाउपत्र प्रकाशन सम्बन्धी सूचना

प्रकाशन मितिः २०८२/१२/१६

यस कार्यालयको मिति २०८२/१२/१६ गते प्रकाशन गरिएको बोलपत्र/शिलवन्दी दरभाउपत्र (SDDO/SQ-60/082/083, SDDO/SQ-61/082/083, SDDO/SQ-62/082/083, SDDO/SQ-63/082/083 गरी जम्मा ४ वटा) आव्हानको सूचना सम्बन्धी सम्पूर्ण विवरण कार्यालयको वेभसाईट www.sddorupandehi.lumbini.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको बेभसाईट www.bolpatra.gov.np/egp मा राखिएकोले सोही बमोजिम खरिद कार्यमा सहभागी हुन सम्पूर्ण निर्माण व्यवसायीलाई अनुरोध छ।

**कार्यालय प्रमुख**

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
जलेश्वर, महोत्तरी

## ट्युबवेल/सोलार सिंचाई प्रणाली/विद्युतीय मोटर/पम्पसेट जडानका लागि आवश्यक यन्त्र उपकरणहरूको आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी प्रति इकाई दरभाउ सहित सिलबन्दी आवेदन (प्रस्ताव) आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/१६)

यस कार्यालयको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम **"सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग"** अनुसार महोत्तरी जिल्लाको कृषकस्तरमा स्यालो ट्युबवेल/सोलार सिंचाई प्रणाली/विद्युतीय मोटर/पम्पसेट जडान तथा संचालन कार्य यस कार्यालयको अनुदान सहयोग तथा कृषकको लगानीमा आपूर्ति तथा जडान गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक कृषि यन्त्र उपकरण उत्पादक/आपूर्तिकर्ता/वितरकहरुबाट यस केन्द्रले उपलब्ध गराउने निर्दिष्ट फर्म भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३०औं दिन अर्थात २०८३/०१/१५ गतेसम्म दिनको १२:०० बजे भित्र सिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। साथै विस्तृत सूचना तथा थप जानकारी यस कार्यालयको वेबसाईट **https://akcmahottari.p2.gov.np/** अथवा कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

**कृषि ज्ञान केन्द्र, महोत्तरी**

## शहीदनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
यदुकूहा, धनुषा

### बोलपत्र आशयको सुचना

प्रकाशित मिति : २०८२।१२।१६

प्रस्तुत बिषयमा यस कार्यालय बाट मिति २०८२।०९।२५ गतेका दिन हिमालय टाइम्स पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र E–Bid मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङकन गर्दा सार्वजनिक खरिद नियमाबली २०६४ (संशोधन सहित) को नियम ३१(ज) को उपनियम ४ बमोजिम सारभुत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोहि नियमावलीको नियम ३१ (ज) को उपनियम ५ प्रयोजानार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल :**

ठेक्का नं. : SNM/NCB/WORKS/2/2082-083

कार्यको विवरण : शहीदनगर नगरपालिका भित्र बोर्डिङग जडान कार्य

आर्थिक प्रस्ताव खोल्ने मिति र समय : २०८२।१२।२३, १३:०० बजे, शहीदनगर नगरपालिकाको कार्यालय यदुकूहा, धनुषा

| सि.न. | सफल बोलपत्रदाताहरुको नाम | कैफियत |
|---|---|---|
| १. | M/S Janakpur Construction and Tubewell drilling company Pvt. Ltd. Janakpurdham-14 Dhanusha | |

**प्रमुख प्रशासकीय अधिकृत**

## भेरी-२ अर्धजलाशयुक्त (PROR) जलविद्युत आयोजना (२११.०२ मे.वा.) को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीका लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/१२/१६**

कर्णाली प्रदेश जाजरकोट जिल्लाको नलगाड नगरपालिका र बारेकोट गाउँपालिका तथा रुकुम पश्चिम जिल्लाको आठविसकोट नगरपालिका र बाँफिकोट गाउँपालिकामा नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं।<br>फोन नः ०१-४४३४११९, इमेलः info@doed.gov.np |
| प्रस्तावको व्यहोरा | प्रस्तावित भेरी-२ अर्धजलाशययुक्त (PROR) जलविद्युत आयोजना (२११.०२ मे.वा.) निर्माणका लागी नलगाड नगरपालिका वडा नं ९ र १० को रग्दा गाउँ नजिक भेरी नदीमा ७० मिटर लम्बाई र २७ मिटर उचाईको बाँध निर्माण गरि भेरी नदीको पानीलाई ४ घण्टा पिकिङ्ग गरिने छ। उक्त बाँध निर्माणबाट भेरी नदीको माथिल्लो तटिय क्षेत्रमा २ कि.मि. लम्बाईको जलाशय निर्माण हुनेछ। बाँधबाट ११९.२७ घनमिटर प्रति सेकेण्डको डिजाइन बहावलाई ५ मिटर उचाई र ४.३ मिटर चौडाई भएका ६ वटा इन्टेक मार्फत प्रवाह गरिने छ र तत्पश्चात् उक्त पानीलाई ३ वटा खण्ड (चेम्बर) भएको १८५ मिटर लम्बाई र २० मिटर चौडाई भएको बालुवा थिग्राउने पोखरीमा प्रवाह गरिने छ। बालुवा थिग्राउने पोखरीबाट प्रस्तावित डिजाइन बहावलाई ६.४ मिटर ब्यासको ५५० मिटर लामो हेडरेस पाइप र ७ मिटर ब्यासको १३.६ किलोमिटर लामो सुरुङ्गको माध्यमबाट सर्जसाफ्ट सम्म पुर्याइ ५५० मिटर लम्बाई र ५.६ मिटर ब्यास भएको पेनस्टक पाइप मार्फत नलगाड नगरपालिका वडा नं. ७ को चमखेतमा प्रस्ताव गरिएको विद्युतगृहमा खसाली २११.०२ मेगावाट विद्युत उत्पादन गरिने छ। विद्युतगृहबाट टेलरेस मार्फत निष्किको पानीलाई पुनः भेरी नदीमा नै मिसाईने छ। |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा/गा.पा./ वडा नं. | जाजरकोट जिल्ला (नलगाड नगरपालिका वडा नं. ७,८,९,१० बारेकोट गाउँपालिका वडा नं. ८) र रुकुम पश्चिम जिल्ला (आठविसकोट नगरपालिका वडा नं. ३,५,७,८,९,१०,११ र बाँफिकोट गाउँपालिका वडा नं. ७ |

उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रहरूको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**रायसुझावका लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम ठेगाना | नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग<br>सानो गौचरण, काठमाडौं।<br>फोन नः ०१-४५३४११९, इमेलः info@doed.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | Technoquarry-BEAM JV<br>नक्खु-१३ ललितपुर<br>फोनः ०१-५१८५००३<br>इमेलः consultstechnoquarry@gmail.com |

# Kalyanpur Municipality
## Office Of The Municipal Executive
Kalyanpur, Siraha
Madhesh Province, Nepal

### Invitation For Bids

**First Publication Date : 2082/12/15 ( Mar -29, 2026)**

1. **Kalyanpur Municipality Office of the Municipal Executive Kalyanpur, Siraha Province Madhesh, Nepal** invites electronic bids from eligible bidders for following under national competitive bidding Some of information is mentioned below, though the details are in the bidding documents.
2. For details and bidding documents, the complete set of bidding documents can be downloaded from the **PPMO e-Portal (eGPII) at www.bolpatra.gov.np/egp**. Or contact **Kalyanpur Municipality, Siraha**.

| S. N. | Contract ID.(IFB No.) | Description of works | Estimated Cost (Inclusive Contingencis, VAT and PS) (Nrs.) | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1. | KM-01-NCB/2082/083 | Bibhinn Sadak Dhalan Karya Ward No.-12(Belha) | 31,19,287.51 | 86,000.00 | 3,000.00 | 2083/01/15 (Apr-28-2026 at 12:00PM) | 2083/01/15 (Apr-28-2026 at 14:00 PM) |
| 2. | KM-02-NCB/2082/083 | Pakki Nala Tatha Sadak Dhalan Karya Ward No.- 06(Bhokaraha) | 24,99,497.97 | 68,000.00 | 3,000.00 | 2083/01/15 (Apr-28-2026 at 12:00PM ) | 2083/01/15 (Apr-28-2026 at 14:00 PM) |
| 3. | KM-03-NCB/2082/083 | Adhuro Dumari Khane Pani Nirman Karya Ward- 09(Dumari) | 89,62,703.61 | 2,50,000.00 | 3000.00 | 2083/01/15 (Apr-28-2026 at 12:00PM ) | 2083/01/15 (Apr-28-2026 at 14:00 PM) |

3. Information to Deposite the Cost of Bidding Document and Bid Security.

| Description | Bank Name | Account Name | Account No. |
|---|---|---|---|
| For Cost Of Bidding Document | MACHHAPUCHCHHRE BANK LTD, Kalyanpur Baranch,Siraha | GA 1.1- ANTARIK RAJASHWA KHATA (Renenue) | 0810110818400076 |
| For Bid Security | MACHHAPUCHCHHRE BANK LTD, Kalyanpur Baranch,Siraha | GA 3- ASTHANIYA TAH DHARAUTI KHATA | 0810110818500042 |

4. The Employer may accept or reject any or all bids and annul the process at any time before awarding the contract.